कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

कोहलपुर, बाँके, लुम्बिनी प्रदेश, नेपाल

स्थापना : २०७३


पत्र संख्या : ०७९/०८०　　　　　　　　　　मिति : २०७९/०९/२६

चलानी नं. : १४९

विषय : प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

श्री यस नगरपालिका अन्तरगतका सम्पूर्ण सामुदायिक माध्यमिक तथा आधारभूत विद्यालयहरू ।
कोहलपुर, बाँके ।

प्रस्तुत विषयमा कोहलपुर नगरपालिका नगर शिक्षा समितिको मिति २०७९/०९/१८ गते बसेको बैठकको निर्णय अनुसार आ. व. २०७९/०८० का लागि शिक्षातर्फ स्वीकृत सशर्त कार्यक्रम अन्तरगत विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानतर्फ यस नगरपालिका अन्तरगतका माध्यमिक तथा आधारभूत सामुदायिक विद्यालयमा तपसिल बमोजिमका कार्यक्रमको लागि लागि कार्यक्रम विनियोजन गर्नु पर्ने भएको हुँदा सूचना जारी भएको मितिले १५ दिनभित्र तपसिल अनुसारको प्रावधानसहित प्रस्ताव पेश गर्न सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :कार्यक्रमहरू

- विद्यालयमा पुस्तकालय व्यवस्थापन (फिक्सिङ्, किताब खरिद तथा इ-पुस्तकालय समेत) अनुदान
- विज्ञान प्रयोगशाला व्यवस्थापन अनुदान
- तोकिएको सूचकांकका आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान (सबै विद्यालय)

आवश्यक प्रावधान तथा कागजातहरू :

- विद्यालय व्यवस्थापन समितिको कार्यक्रम माग सम्बन्धमा भएको निर्णय प्रतिलिपि
- कार्यक्रम माग सम्बन्धि विद्यालयको प्रस्तावना पत्र
- विद्यालय सुधार योजनामा योजना तथा कार्यक्रम समेटिएको विवरण सहितको प्रतिलिपि
- यस अघि विद्यालयले कार्यक्रम प्राप्त गरे नगरेको बारेमा जानकारी तथा कहिले प्राप्त गरेको सोबारे समेत जानकारी
- हाल विद्यालयमा शैक्षिक सत्र २०७९ मा अध्ययनरत कक्षागत विद्यार्थी संख्याको विवरण
- हाल विद्यालयमा संचालनमा रहेका भवन, कक्षा कोठा तथा फर्निचरको विवरण
- पुनश्च : समय सीमा भित्र पेश नगरिएका प्रस्ताव उपर कारवाही गरिने छैन ।

०७९/०९/२६

..............................

रामबहादुर हमाल

उपसचिव/शाखा प्रमुख

रामबहादुर हमाल
उप सचिव